नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## बोलपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७०।०३।१२)

यस अस्पतालको आ.व.०७०/०७१ को लागि आवश्यक तपसिल वमोजिमका सामानहरु बोलपत्रको माध्यमबाट खरिद गनुपर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना यस अस्पतालको Web site http//www.**bharatpurhospital.gov.np** मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु:**

१) वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले सि.नं. १ को लागी बोलपत्र दस्तुर रु.३०००।- र सि.नं. २ देखि ४ सम्मको लागि बोलपत्र दस्तुर रु.१०००।- फिर्ता नहुने गरी ३०औं दिन भित्र दाखिला गरी आ.व. २०६८/०६९ को कर चुक्ता प्रमाण पत्र सहित नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि निवेदन दिई यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np**को eProcurement System मा गई TOR download गर्न सकिनेछ ।

२) खरीद भएको बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई अपलोड गर्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु ३१ (एकतीसौ) दिनको २:०० वजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भालिपल्ट हुनेछ ।

३) बोलपत्र दर्ता गर्दा जमानत वापत बोलकवोल रकमको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा वाणिज्य बैंकबाट जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा बाणिज्य बैंकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । साथै बोलपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्रदाताले कवोल गरेको दररेटमा मालसामान उपलब्ध गराउनुपर्नेछ ।

६) Expiry Date उल्लेख हुने मालसामानहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ र गरिब विरामीहरुको औषधीको हकमा निःशुल्क भनी उल्लेख गर्नुपर्नेछ । सो भन्दा घटी म्याद भएको औषधी तथा अन्य सामानहरु स्वीकार्य हुनेछैन । साथै औषधीको हकमा WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनीको हुनुपर्नेछ । साथै प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

७) बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्रमा ठेक्का नं. र सप्लाई गर्न चाहेको सामानको नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ र आफुले खरिद गर्न चाहेको ठे.नं.मा नै अपलोड गर्नुपर्नेछ । र आफुले जुन ठेक्कामा भाग लिन चाहेको हो सो सम्वन्धी कामको इजाजत पत्र पेश गनुपर्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । औषधिको हकमा स्वीकृत प्राप्त औषधि मात्र सप्लाइ गर्नुपर्नेछ । गुणस्तरहिन औषधि स्वीकार्य हुने छैन । आवश्यक परेमा औषधीहरुको परीक्षण गर्न लाग्ने खर्च सप्लाई गर्ने फर्मले व्यहोर्नुपर्नेछ ।

९) बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दरभाउमा कुनै परिवर्तन गरिने छैन ।

१०) सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएपछि गरिनेछ सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टा गरी दिइनेछ ।

११) बोलपत्र दाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ ।

१२) औषधीको हकमा औषधी व्यवस्था विभागमा दर्ता भई नवीकरण भएको हुनुपर्नेछ ।

१२) संझौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१३) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१४) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

कार्यालयको नाम :- भरतपुर अस्पताल चितवन ।
कार्यालय कोड नं.:- ३५-३७०-०२
कार्यालय खाता नं.:- १-१-००१
राजश्व शिर्षक नं.:- १४२२७
बैंकको नामः- रा.बा.बैंक.भरतपुर, चितवन

***तपशिल***

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ६/०६९/७० | आमा सुरक्षा कार्यक्रमको औषधी समेत | कबोल अंकको ३% | ३०००। |
| २ | ७/०६९/७० | गरिव विरामीहरुको लागि औषधी | कबोल अंकको ३% | १०००। |
| ३ | ८/०६९/७० | सर्जिकल सामान | कबोल अंकको ३% | १०००। |
| ४ | ९/०६९/७० | मेडिकल अक्सिजन | कबोल अंकको ३% | १०००। |

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वा.से.वि., म.चि. निर्देशनालय

# भरतपुर अस्पताल, चितवन

☎ { ०५६-५२०१
०५६-५२०४
०५६-५२४३

प.सं.:

च.नं.:

मिति :२०७०/०३/१९

## सूचना

यस अस्पतालबाट मिति २०७०।३।१२ मा प्रकाशित सूचना अनुसार आमा सुरक्षा कार्यक्रमको E-Tender मार्फत यस अस्पतालको Web site मा राखिएको BOQ मा उल्लेखित सि.नं.३० मा परिमाण ४५००० (पैतालिस हजार) हुनुपर्नेमा भूलवस ४५०० (पैतालिस सय) हुन गएकोमा उक्त आइटमको BOQ परिमाण ४५००० (पैतालिस हजार) कायम गरिएको व्यहोरा जानकारी गराइन्छ । यदी कसैले यो सूचना भन्दा अगाडि नै राखिएको BOQ Download गरेको भएमा हाल राखिएको BOQ download गरी पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

.....................

डा.महेन्द्रराज न्यौपाने

मेडिकल सुपरिटेन्डेन्ट